# गेरुवा गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः १० मितिः२०८१/०९/१२

भाग २

गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८१/०९/१२ मा जारी गरेको देहाय बमोजिमको सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी रणनीतिक योजना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको नियम नं. १०**

**गेरुवा गाउँपालिकाको सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी रणनीतिक योजना (२०८२/०८३-२०८६/०८७)**

**गेरुवा गाउँपालिकाको सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी रणनीतिक योजना (२०८२/०८३-२०८६/०८७)**

प्रमाणीकरण मितिः २०८०/०९/१२

## भूमिका

बालबालिकाहरूमा एकाइसौं शताब्दीका लागि आवश्यक ज्ञान, सिप र दक्षताको विकास गराई भविष्यमा एक सक्षम नागरिक तयार गर्न विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्ने र गुणस्तरीय शिक्षामा सुधार ल्याउने ध्येयले गेरूवा गाउँपालिकाले गाउँ शिक्षा योजना (२०७८/०७९-२०८२/०८३) निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त योजनाले गुणस्तरीय शिक्षाका लागि सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास र शिक्षकहरूको क्षमता विकासमा जोड दिँदै सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइ सञ्चालन गर्ने रणनीति तय गरेको छ । तसर्थ गेरूवा गाउँपालिकामा सञ्चालित सबै विद्यालयहरूमा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्यार्थीको सिकाइलाई रोचक, मनोरञ्जनात्मक, अन्तर्क्रियात्मक र सहकार्यात्मक बनाउँदै विद्यार्थीको सिकाइमा सुधार ल्याउने ध्येयले यो सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी पाँच वर्षे रणनीतिक योजना निर्माण गरिएको हो ।

यो रणनीतिक योजना निर्माणका क्रममा गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधि र यसको प्रयोगको अवस्था विश्लेषण गरिएको र शिक्षासम्बद्ध सरोकारवालाहरूको सहभागितामा आवश्यकता पहिचान कार्यशालासमेत सञ्चालन गरिएको थियो । गाउँ शिक्षा योजनाले लिएको रणनीति र अवस्था विश्लेषण र वास्तविक आवश्यकतालाई समेटेर तयार गरिएको यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र र विभिन्न गैरसरकारी सङ्घसंस्थासँग समन्वय, सहकार्य र साझेदारी गरिने छ । यस रणनीतिक योजनाको कार्यान्वयनमा शिक्षा सम्बद्ध सरोकारवालाहरूबाट निरन्तर सहयोग, सल्लाह र सुझाव प्राप्त हुने अपेक्षा गरेको छु । ।अन्तयमा यो **सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी रणनीतिक योजना (२०८२/०८३-२०८६/०८७)** निर्माण गर्न महत्व सुझाव सहित प्राविधिक सहयोग गर्ने गुडनेवर्स इन्टरनेशनल नेपाल तथा सोनाहा विकास समाज बर्दियालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

पुष २०८१

जमान सिंह के.सी.
अध्यक्ष
गेरूवा गाउँपालिका, बर्दिया

## परिच्छेद १: परिचय

### १.१ पृष्ठभूमि

आजको २१ औँ शताब्दीको युगमा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology-ICT) मा भएको तीव्रतर विकास र यसको प्रयोगले सामाजिक अन्तर्क्रिया तथा सार्वजनिक सेवा प्रवाहमा दक्षता र प्रभावकारिता बढाउन सहयोग पुगेको छ । विविध क्षेत्रहरू, जस्तै- शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय, पर्यटन, वित्त, शासकीय प्रबन्ध आदिमा ICT को प्रयोगले धेरै हदसम्म सहजता प्रदान गरेको छ । आज विश्वभरि नै शिक्षा क्षेत्रमा पनि प्रविधिको प्रयोग बढ्दो अवस्थामा छ । विद्यार्थीहरूमा एकाइसौँ शताब्दीमा जीवन यापन गर्नका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउन पनि प्रविधिको प्रयोग अति आवश्यक भएको छ । शिक्षककेन्द्रित शिक्षण विधि र तरिकाहरूलाई ICT को प्रयोगले विद्यार्थीकेन्द्रित र अन्तर्क्रियात्मक सिकाइमा रूपान्तरण गर्न सहयोग पुगेको छ । प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री र व्यावहारिक बनाउन सकेमा यसबाट विद्यार्थीहरुको सिकाइमा सुधार हुने तथा सिकाइ सान्दर्भिक हुने विभिन्न अध्ययन अनुसन्धानहरूले देखाएका छन् । शिक्षामा पहुँच विस्तार गर्न, सबैका लागि गुणस्तरीय र व्यावहारिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, विद्यार्थीको सिकाइलाई सुदृढ गर्न र सान्दर्भिक बनाउन ICT को प्रयोगले सहयोग पुग्ने देखिन्छ ।

नेपालमा विद्यालय शिक्षामा गुणस्तरीयता अभिवृद्धि गर्न शैक्षिक नीति तथा कार्यक्रमहरूमा ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्ने कार्यलाई प्राथमिकतामा राखेको पाइन्छ । शिक्षामा ICT सम्बन्धी गुरू योजना (२०१३-२०१७) ले विद्यालयहरूमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटीलाई जोड दिएको थियो । शिक्षक सक्षमता प्रारूप, २०७२ मा निर्धारण गरिएका शिक्षकका ८ ओटा सक्षमताहरूमध्ये एउटा सक्षमता सूचना र सञ्चार प्रविधिको प्रयोग गर्नेसम्बन्धी रहेको छ । नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४, सामुदायिक विद्यालयमा ICT कार्यशाला स्थापनासम्बन्धी कार्यविधि, २०७६, राष्ट्रिय शिक्षा नीति, २०७६, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा (२०१६-२०३०), राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, आ.व.२०८१/०८२ को नेपाल सरकारको नीति तथा कार्यक्रम, डिजिटल नेपाल फ्रेमवर्क, २०७६, सोह्रौँ योजना (२०८१/०८२-२०८५/०८६), विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३२) आदि नीतिगत तथा कानुनी दस्तावेजहरुले विद्यार्थीको सिकाइमा सुधार ल्याउन विद्यालयमा ICT पूर्वाधार विकास गर्ने, शिक्षकको क्षमता विकास गर्ने, ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्ने आदि विषयलाई प्राथमिकता दिएका छन् ।

शिक्षण सिकाइमा प्रविधिको प्रयोग बढाउन नीतिगत, कानुनी र कार्यक्रमगत व्यवस्थालाई कार्यान्वयनमा ल्याउनका लागि केही प्रयासहरू भएका छन् । पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । नीजि क्षेत्रका केही सङ्घसंस्थाहरूले पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गरेका छन् । यसैगरी दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तक डिजिटाइज्ड गर्ने काम भएका छन् । कोभिड-१९ को महामारीका बेला डिजिटल सामग्री विकास गरी लर्निङ पोर्टलमा राखी

विद्यार्थीको पहुँच सुनिश्चित गर्ने कार्य गरिएको थियो । कोभिड १९ को महामारीका बेलामा भर्चुअल कक्षा पनि सञ्चालन गरिएको थियो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट कक्षा १ देखि १२ सम्मका विभिन्न विषयका पाठहरूमा आधारित श्रव्य तथा श्रव्यदृष्य पाठहरू उत्पादन गरी नियमित प्रसारणको काम भइरहेको छ । ICT सम्बन्धी १ महिने प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रम, प्रशिक्षक निर्देशिका र प्रशिक्षार्थी स्रोत सामग्री विकास गर्नुका साथै शिक्षा तालिम केन्द्रहरुबाट तालिम सञ्चालन हुँदै आएको अवस्था छ । यसै गरी स्थानीय तहहरुबाट ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्नेसम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम कार्यक्रम सञ्चालन हुँदै आएको अवस्था छ । विद्यालयहरूमा प्रविधि पूर्वाधार विकास गर्ने कार्य भइरहेको छ । प्रविधिमैत्री समाज लगायत अन्य विषयगत समाजहरूले पनि शिक्षकको पेसागत विकासका लागि शिक्षण सिकाइमा प्रविधिको प्रयोगसम्बन्धी शिक्षक क्षमता विकास तालिम सञ्चालन गर्दै आएका छन् ।

गेरूवा गाउँपालिकाअन्तर्गत सञ्चालित सबै विद्यालयहरूमा ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्दै सिकाइलाई अन्तर्क्रियात्मक तथा सहकार्यात्मक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न, शिक्षण सिकाइ प्रक्रियालाई रोचक एवम् मनोरञ्जनात्मक बनाउन र विद्यार्थीको सिकाइमा सुधार ल्याउन यो **सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी रणनीतिक योजना (Strategic Plan for ICT Integrated Pedagogies)** निर्माण गरिएको हो । यस रणनीतिक योजनाको निर्माण गर्दा निश्चित प्रक्रिया अवलम्बन गरिएको थियो । योजना निर्माणका क्रममा नीतिगत, कानुनी र कार्यक्रमगत व्यवस्थासम्बन्धी दस्तावेजहरूको अध्ययन तथा पुनरावलोकन, लेख रचनाहरूको पुनरावलोकन गरिएको थियो । यसैगरी गेरूवा गाउँपालिकामा शिक्षासम्बद्ध सरोकारवालाहरुको सहभागितामा अवस्था विश्लेषण तथा आवश्यकता पहिचान कार्यशाला सञ्चालन गरिएको थियो । यसबाट गेरूवा गाउँपालिकामा प्रविधि पूर्वाधारको अवस्था, शिक्षण सिकाइमा ICT को प्रयोगको अवस्था, शिक्षक क्षमता विकास तालिममा अवसरको अवस्था, समस्या तथा चुनौती, समाधानका उपाय र सरोकारवालाहरुको भूमिकाका बारेमा विस्तृत छलफल तथा अन्तर्क्रिया गरिएको थियो ।

यस योजनामा गेरूवा गाउँपालिकामा सञ्चालित विद्यालयहरूमा □□□□□ □□□□□□ बनाउनका लागि प्रविधि पूर्वाधारको विकास गर्ने, शिक्षक तालिम सञ्चालन गर्ने, शिक्षण सिकाइ प्रक्रियामा ICT लाई एकीकृत गर्ने, विद्यार्थीहरूलाई डिजिटल सिकाइ स्रोत सामग्री तथा प्लेटफर्महरूमा पहुँच बढाई विद्यार्थीहरूको सिकाइलाई सुदृढ बनाउने र प्रविधिको प्रयोगमार्फत विद्यालय सुशासन प्रवर्धन गर्ने लक्ष्य लिइएको छ ।

## १.२ नीतिगत तथा कानुनी व्यवस्था

नेपालमा ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्ने सम्बन्धमा भएका नीतिगत, कानुनी र कार्यक्रमगत व्यवस्थाका बारेमा यहाँ चर्चा गरिएको छः

**शिक्षक सक्षमता प्रारूप, २०७२**

(क) शिक्षकका ८ ओटा सक्षमताहरू

(ख) शिक्षण सिकाइमा ICT को प्रयोग गर्न सक्ने शिक्षकको एक महत्वपूर्ण सक्षमता

**सूचना तथा सञ्चार प्रविधि नीति, २०७२**

(क) शैक्षिक क्षेत्रमा ICT लाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विशेष कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन

(ख) राष्ट्रव्यापी रूपमा विद्युतीय विद्यालय (e-school) तथा अन्य सम्बन्धित कार्यक्रमहरू तर्जुमा गर्दै विद्युतीय सिकाइ (e-learning) विद्युतीय शिक्षा (e-education) कार्यान्वयन गर्नको साथै जीवनपर्यन्त सिकाइलाई प्रवर्धन

(ग) विद्यालयहरूमा विद्युतीय पुस्तकालय (e-library) को अन्तरसञ्जाल निर्माण

**सूचना तथा सञ्चार प्रविधि गुरू योजना (२०१३-२०१७)**

(क) १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि Internet Connectivity सहित सूचना प्रविधिका संरचनाको विकास तथा प्रयोग गर्ने

(ख) शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि ICT को प्रयोग गर्ने

(ग) सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने

(घ) निरन्तर सिकाइको प्रबन्ध गर्ने

(ङ) सूचना प्रविधि विषय पाठ्यक्रम तयार गर्ने

(च) अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गर्ने

(छ) शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटाइज्ड गर्ने

(ज) स्रोत केन्द्रहरूलाई सूचना प्रविधिको केन्द्रको रूपमा विकास गर्ने

**नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४(संशोधन सहित)**

(क) परियोजनामा आधारित आधुनिक शिक्षण विधि र प्रविधिसहितको शिक्षण सिकाइ क्रियाकलापमा जोड

(ख) विद्यालयको आफ्नै अद्यावधिक वेबसाइट र विद्युतीय सामाजिक सञ्जाल

(ग) शिक्षण सिकाइमा प्रविधिको प्रयोग अधिकतम प्रयोग

**सामुदायिक विद्यालयमा ICT कार्यशाला स्थापनासम्बन्धी कार्यविधि, २०७६**

(क) विद्यालयमा ICT पूर्वाधारको विकास र विस्तार

(ख) प्रविधिमा विद्यार्थीको पहुँच पुर्‍याउने

(ग) शिक्षण सिकाइमा प्रविधिको प्रयोग

**राष्ट्रिय शिक्षा नीति, २०७६**

(क) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा स्वीकार गर्दै प्रविधिमैत्री व्यावहारिक र नतिजामूलक बनाउने

(ख) विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने

(ग) शिक्षण सिकाइलाई सूचना प्रविधिमैत्री बनाउने

(घ) यसै गरी प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्दतिमा समेत परिमार्जन गरी आमनेसामने विद्यालयमा आधारित मिश्रित, अनलाइन तथा भर्चुअल पद्दतिबाट तालिम सञ्चालन गरिने

**<u>गेरूवा गाउँपालिकाको शिक्षा योजना (०८१/८२-०८५/८६)</u>**

(क)सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।

(ख) विद्यालयका विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरुको विकास गर्ने।

(ग)गाउँपालिकाका विद्यालयहरुलेशिक्षा तथा मानव स्रोत विकास केन्द्रको E-Learning Portal (सिकाइ चौतारी) शिक्षणसिकाइमा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने।

(घ)विश्वव्यापीरुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरुमा इनटरनेटको सुविधा विस्तारमार्फत विद्यालयमाइ लाईब्रेरीको E-Libraryव्यवस्था गर्ने।

(ङ) EMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलवी प्रतिवेदन पारित गर्नेजस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ। साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

(च)सामुदायिक अध्ययन केन्द्रहरुलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गर्ने।

(छ)संघ र प्रदेशसँग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरुबिच समन्वयर सहकार्य गरी विद्यालयमा ICT को पहुँच विस्तार गर्ने।

(ज)सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरुको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सीपमा क्षमता विकास गर्ने।

(झ) विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गर्ने।

(ञ)कक्षा ८-१२ का मुख्य विषयहरुमा भर्चुअल सिकाइका लागि आवश्यक व्यवस्थापन गर्ने।

(ट) विपद् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रुपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने।

**<u>विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३२)</u>**

(क) यस योजनाले प्रविधिलाई विद्यार्थीको सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गर्न प्रयोग गरिने

(ख) सबै विद्यार्थीका लागि प्रविधिमा आधारभूत पहुँच पुर्याउने

(ग) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने, शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने

**सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६)**

(क) शिक्षा र सिप विकासका लागि भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था

(ख) प्रविधिको उच्चतम् प्रयोगमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि

(ग) पुस्तकालय र विज्ञान प्रयोगशाला स्थापना गरी शैक्षिक संस्थालाई स्मार्ट बनाई डिजिटल संयन्त्रमार्फत शिक्षण सिकाइलाई सहज प्रयोगात्मक बनाउनमा जोड

## १.३ गेरूवा गाउँपालिकाको शैक्षिक अवस्था

गेरूवा गाउँपालिकाको शैक्षिक अवस्थालाई देहायबमोजिम बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

**विद्यालयः** गेरूवा गाउँपालिकामा २६ ओटा सामुदायिक विद्यालय र ७ ओटा संस्थागत विद्यालय गरी ३३ ओटा विद्यालयहरू सञ्चालनमा छन् । सामुदायिकतर्फ ५ ओटा माध्यमिक विद्यालय र २१ ओटा आधारभूत विद्यालय सञ्चालित छन् जसमध्ये १ ओटा माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालनमा छ । संस्थागततर्फ २ ओटा माध्यमिक विद्यालय र ५ ओटा आधारभूत विद्यालय सञ्चालित छन् । बालविकासतर्फ ५६ ओटा सामुदायिक विद्यालय र ७ ओटा संस्थागत विद्यालयमा गरी जम्मा ६३ ओटा बालविकास केन्द्र सञ्चालनमा छन।

**विद्यार्थीः**

शैक्षिक सत्र २०८१ मा EMIS को तथ्याङ्क अनुसार सामुदायिक र संस्थागत विद्यालयको समेत बालविकासतर्फ १८११, कक्षा १-५ मा ३२८२, कक्षा ६-८ मा १९१४, कक्षा ९-१० मा ९७९ र कक्षा ११-१२ जम्मा ५५१ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या ८५३७ रहेको छ। कुल विद्यार्थी मध्ये छात्रा संख्या ४११६, छात्र संख्या ४४२१ र अन्य ० रहेको छ । त्यसैगरी सामुदायिक विद्यालयमा बालबिकास शिक्षक ५६ जना, प्राथमिक तह कक्षा १-५ मा ११८ जना शिक्षक, आधारभुत तह कक्षा ६-८ मा ४९, माध्यमिक तह कक्षा ९-१० मा ३५ जना र माध्यमिक तह कक्षा ११-१२ मा २० जना गरी २७८ जना शिक्षक र गाउँपालिका अनुदान ४ जना विद्यालय सहयोगी समेत गरी विद्यालय कर्मचारी जम्मा ३६ जना कार्यरत रहेका छन। विद्यालयका शिक्षक र विद्यालय कर्मचारी समेत गरी कुल दरबन्दी संख्या ३१४ रहेको छ।हाल यस गाउँपालिकामा एक मात्र गेरूवा बहुमुखि क्याम्पस स्थापना भइ सञ्चालनको क्रममा रहेको छ।

**शिक्षक विद्यार्थी अनुपातः** गेरूवा गाउँपालिकामा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५) मा, १:१७आधारभूत तह (कक्षा ६-८)१:३४, माध्यमिक तह (कक्षा ९-१०) मा १:२६ र माध्यमिक तह (कक्षा ११-१२) मा १:२८ रहेको छ ।

**<u>विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारः</u>** गेरूवा गाउँपालिकामा नमुना माध्यमिक विद्यालयमा ICT पूर्वाधारहरूमध्ये केही सङ्ख्यामा डिजिटल उपकरणहरू, जस्तै-स्मार्ट बोर्ड, डिजिटल बोर्ड, कम्प्युटर, प्रोजेक्टर, प्रिन्टर आदि उपलब्ध छन् । अन्य माध्यमिक विद्यालयहरूमा पनि १-२ ओटा स्मार्ट बोर्ड, डिजिटल बोर्ड, स्मार्ट टेलिभिजन, प्रोजेक्टर, डेस्कटप कम्प्युटर उपलब्ध छन् । आधारभूत विद्यालयहरूमध्ये थोरै विद्यालयमा मात्र केही डिजिटल उपकरणहरू उपलब्ध छन् । हरेक विद्यालयमा कम्तिमा १/१ ओटा ल्यापटप पनि छन् । सबै विद्यालयमा विद्युत पुगेको अवस्था छ । पाँचओटा विद्यालयका २/२ जना शिक्षकका लागि Good Neighbor International Nepal ले ICT को प्रयोगसम्बन्धी ३ दिने शिक्षक तालिम, ▯▯▯ उपकरण प्रदान गरेको भए पनि सबै विद्यालयलाई समेटेर अघि बढ्नुपर्ने देखिन्छ । गेरूवा गाउँपालिकाको शिक्षा योजना (२०८१/०८२ २०८५/०८६ मा पनि विद्यालयमा ICT पूर्वाधारको विकास गर्ने र शिक्षण सिकाइमा ICT को प्रयोगलाई बढाई विद्यार्थीको सिकाइलाई सुदृढ गर्ने उल्लेख छ । यस गाउँपालिकामा खासगरी अङ्ग्रेजी र विज्ञान विषयमा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिलाई एकीकृत गर्ने प्रयास भएको छ । गेरूवा गाउँपालिकामा कक्षा १२ सम्मलाई पूर्ण निःशुल्क घोषणा गरिएको छ ।

## १.४ रणनीतिक योजनाको औचित्य

गेरूवा गाउँपालिकामा ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्नेसम्बन्धी रणनीतिक योजना निर्माण गर्नुको औचित्य देहायका पक्षहरूबाट पुष्टि गर्न सकिन्छः

(क) नेपालमा शिक्षाका नीतिगत, कानुनी र कार्यक्रमगत व्यवस्थाबमोजिम सामुदायिक विद्यालयमा ICT पूर्वाधारको विकास आवश्यक देखिएको

(ख) गाउँ शिक्षा योजनामा उल्लेख भएको गाउँपालिकाका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना र उपकरणको प्रबन्ध गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएको

(ग) सबै प्रकारका विद्यार्थीका लागि उपयोगी हुने डिजिटल सामग्री विकास गर्ने गाउँ शिक्षा योजनाको लक्ष्य प्राप्तिका लागि योजनाबद्ध रूपमा अघि बढ्न आवश्यक देखिएको

(घ) गाउँ शिक्षा योजनामा उल्लेख भएको आपतकालिन अवस्थामा विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिको प्रयोग गर्ने नीतिलाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक भएको

(ङ) प्रभावकारी तथा गुणस्तरीय सिकाइ सहजीकरण गर्ने सिप तथा दक्षताको विकासका लागि शिक्षकको निरन्तर क्षमता विकास गर्ने प्रणाली आवश्यक देखिएको

(च) अन्तर्क्रियात्मक सहकार्यात्मक सिकाइ वातावरण सुनिश्चित गर्दै विद्यार्थीको सिकाइलाई सुदृढ गरी सिकाइ उपलब्धि बढाउनुपर्ने आजको आवश्यकता भएको

(छ) विद्यार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्न तथा सिकाइलाई मनोरञ्जनपूर्ण र रोचक बनाउन प्रविधिको प्रयोगले सहयोग पुर्याउन आवश्यक भएको

(ज) डिजिटल सिकाइ सामग्रीहरु तथा सिकाइ प्लेटफर्ममा विद्यार्थीहरुको सहज पहुँच बढाई विद्यार्थीको वैयक्तिक वा स्वनिर्देशित सिकाइमा बढवा दिन आवश्यक देखिएको

(झ) सबैका लागि गुणस्तरीय शिक्षामा समतामूलक पहुँच पुर्याउन विद्यालयमा ICT पूर्वाधार विकास, डिजिटल सिकाइ सामग्री विकास, शिक्षक क्षमता विकास आदिमा सहकार्य तथा साझेदारी बढाउन आवश्यक भएको

(ञ) गाउँपालिकाअन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरुलाई SMART School विकास गर्नुपर्ने आवश्यकता भएको

## परिच्छेद २ : समस्या, चुनौती र अवसर

### २.१ समस्या

गेरूवा गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्ने सम्बन्धमा थुप्रै समस्याहरू छन् । सबै विद्यालयमा विद्युत लाइन पुगे पनि अझै भरपर्दो आपूर्ति हुन नसक्नु, विद्युतको वैकल्पिक स्रोतको व्यवस्था हुन नसक्नु, सबै विद्यालयमा ICT पूर्वाधार (इन्टरनेट कनेक्टिभिटी, ल्यापटप, कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड/डिजिटल बोर्ड, स्मार्ट टेलिभिजन आदि) को मजबुद विकास नहुनु, विद्यालयको सबै कक्षामा इन्टरनेटको पहुँच पुग्न नसक्नु, सिप तथा दक्षताको अभावमा विद्यालयमा भएका डिजिटल उपकरणहरू उपयोगमा आउन नसक्नु, कम्प्युटर र इन्टरनेटलाई शिक्षण सिकाइमा भन्दा पनि विद्यालयको दैनिक प्रशासनिक कामका लागि बढी उपयोगमा ल्याउनु, शिक्षण सिकाइमा प्रविधिको प्रयोग किन र कसरी गर्ने भन्ने विषयमा शिक्षकहरूमा ज्ञान तथा सिपको अभाव हुनु, प्रविधिको शिक्षण सिकाइमा प्रयोग सम्बन्धमा शिक्षकलाई तालिम तथा बेला बेलामा पुनर्ताजगी तालिमको अभाव हुनु, कतिपय विद्यालयमा डिजिटल उपकरणहरू प्रयोग गर्न उपयुक्त कक्षाकोठाको अभाव हुनु, डिजिटल उपकरण चलाउन तथा मर्मतका लागि शिक्षकहरूमा प्राविधिक ज्ञान तथा सिपको अभाव हुनु, डिजिटल उपकरण चलाउन तथा मर्मतका लागि प्राविधिक सहायता प्रदान गर्न प्राविधिक कर्मचारीको अभाव हुनु, सिकाइ प्लेटफर्म तथा शैक्षिक सफ्टवेयर, डिजिटल सिकाइ सामग्रीहरूमा विद्यार्थी तथा शिक्षकको न्यून पहुँच हुनु, विद्यार्थीहरूलाई स्वनिर्देशित र वैयक्तिक सिकाइका लागि उत्प्रेरणा र सिपको अभाव हुनु, डिजिटल पूर्वाधार विकास, शिक्षक तालिम, डिजिटल सिकाइ सामग्री विकास आदिमा साझेदारी तथा सहकार्यको अभाव हुनु, शिक्षक प्रोत्साहनको अभाव हुनु, निरन्तर शिक्षक सहायता प्रणालीको अभाव हुनु, प्रविधिको प्रयोगका लागि मापदण्डको अभाव हुनु, प्रभावकारी अनुगमनको अभाव हुनु, विद्यालय सुशासनमा प्रविधिको खासै प्रयोग नहुनु आदि समस्याका रूपमा रहेका छन् ।

### २.२ चुनौती

गेरूवा गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्ने सम्बन्धमा थुप्रै चुनौतीहरू छन् । सबै विद्यालयमा विद्युतको वैकल्पिक स्रोतको व्यवस्था गर्नु, सबै विद्यालयमा ICT पूर्वाधारको मजबुद विकास गर्नु, विद्यालयको सबै कक्षामा इन्टरनेटको पहुँच पुग्ने गरी उच्च गतिको इन्टरनेटको व्यवस्था गर्नु, विद्यालयमा भएका डिजिटल उपकरणहरू शिक्षण सिकाइमा उपयोगमा ल्याउनु, विद्यालयमा कार्यरत सबै शिक्षकहरूलाई ICT को शिक्षण सिकाइमा प्रयोग सम्बन्धमा तालिम तथा बेला बेलामा पुनर्ताजगी तालिम प्रदान गर्नु, बालमैत्री र प्रविधिमैत्री कक्षाकोठाको व्यवस्था गर्नु, डिजिटल उपकरण चलाउन तथा मर्मतका लागि

प्राविधिक कर्मचारीको व्यवस्था गर्नु, सिकाइ प्लेटफर्म र शैक्षिक सफ्टवेयर तथा डिजिटल सिकाइ सामग्रीहरूमा विद्यार्थी तथा शिक्षकको पहुँच बढाउनु, विद्यार्थीहरूलाई स्वनिर्देशित र वैयक्तिक सिकाइका लागि उत्प्रेरणा र सिप अभिवृद्धि गर्नु, ICT पूर्वाधार विकास, शिक्षक तालिम, डिजिटल सिकाइ सामग्री विकास आदिमा साझेदारी तथा सहकार्य गर्ने पद्धतिको विकास गर्नु, शिक्षक प्रोत्साहनलाई उच्च प्राथमिकता दिनु, निरन्तर शिक्षक सहायता प्रणालीको विकास गर्नु, प्रभावकारी अनुगमनको व्यवस्था गर्नु, विद्यालय सुशासनमा ICT को प्रयोगलाई बढाउनु आदि चुनौतीका रूपमा रहेका छन् ।

## २.३ अवसर

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारीसहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले विद्यालयहरूमा शिक्षण सिकाइमा ICT लाई एकीकृत गरी विद्यार्थीको सिकाइलाई सुदृढ गर्न सकिने अवसर सिर्जना हुनु, गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनु, गाउँपालिकाले शिक्षाको विकासका लागि उच्च प्राथमिकता दिनु, शिक्षा तीनओटै तहका सरकारको साझा अधिकारका क्षेत्रका रूपमा रहेकाले आपसी साझेदारीमा लगानी वृद्धि गर्न सकिने अवस्था देखिनु, शिक्षण सिकाइमा प्रविधिलाई एकीकृत गर्दा विद्यार्थीको सिकाइमा सुधार आउँछ भन्नेमा सरोकारवालाहरूबिच मतैक्यता हुनु, गाउँपालिकाले शिक्षामा सबैभन्दा बढी बजेट विनियोजन गर्नु, ICT उपकरणहरूको बढ्दो प्रयोग हुनु, सबै विद्यालयहरूमा इन्टरनेटको व्यवस्था हुनु, गैरसरकारी संस्थाहरु स्थानीय सरकारसँग साझेदारी तथा सहकार्य गर्न अग्रसर देखिनु, विद्यालयहरूको भौतिक पूर्वाधार क्रमशः मजबुद बनाइनु, विद्युतको आपूर्ति हरेक विद्यालयमा हुनु, हरेक विद्यालयमा कम्तिमा एउटा ल्यापटप हुनु, नमुना माध्यमिक विद्यालयमा डिजिटल उपकरणहरुको उपलब्धता हुनु, विद्यार्थीहरू पनि डिजिटल उपकरणको प्रयोगमा अभ्यस्त हुँदै जानु, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सिकाइ पोर्टल विकास र श्रव्य तथा श्रव्यदृश्य पाठहरू उत्पादन गरी नियमित प्रसारण हुँदै आएको अवस्था आदि गेरूवा गाउँपालिकामा ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्नका लागि अवसरका रूपमा रहेका छन् ।

# परिच्छेद ३ : रणनीतिक कार्यदिशा

## ३.१ सोच

सिपयुक्त शिक्षकबाट शिक्षण सिकाइमा ICT को प्रयोगः सबै विद्यार्थीको सिकाइ सुधारमा सहयोग ।

### ३.२ लक्ष्य

विद्यालयमा ICT पूर्वाधार विकास र शिक्षक क्षमता अभिवृद्धिमार्फत शिक्षण सिकाइमा यसको समुचित प्रयोग गर्दै विद्यार्थीहरूमा २१ औं शताब्दीका लागि आवश्यक ज्ञान र सिपहरू हासिल गर्न सहयोग गर्ने

### ३.३ □□□□□ □□□□□□ का लागि रणनीतिक अवयवहरू

(क) विद्यालयमा ICT पूर्वाधार विकास
(ख) शिक्षक क्षमता विकास र निरन्तर पेसागत सहायता
(ग) एकीकृत शिक्षण सिकाइ
(घ) सार्वजनिक निजी साझेदारी
(ङ) विद्यालय सुशासन
(च) सरोकारवालाहरूको सबल भूमिका

### अवयव १: विद्यालयमा ICT पूर्वाधार विकास

#### परिचय

युनेस्कोले दिएको परिभाषाअनुसार सूचना र सञ्चार प्रविधि (□□□) लाई सूचना हस्तान्तरण, भण्डारण, सिर्जना, साझेदारी वा आदानप्रदान गर्न प्रयोग गरिने प्राविधिक उपकरण र स्रोतहरूको विविध सेटको रूपमा परिभाषित गरिएको छ। यी प्राविधिक उपकरण र स्रोतहरूमा कम्प्युटर, इन्टरनेट (वेबसाइटहरू, ब्लगहरू र इमेलहरू), प्रत्यक्ष प्रसारण प्रविधिहरू (रेडियो, टेलिभिजन र वेबकास्टिङ), रेकर्ड गरिएका प्रसारण प्रविधिहरू (पोडकास्टिङ, अडियो र भिडियो प्लेयरहरू र भण्डारण उपकरणहरू) र टेलिफोनी (स्थिर वा मोबाइल, उपग्रह, भिडियो-कन्फ्रेन्सिङ, आदि) समावेश छन् । □□□ पूर्वाधारअन्तर्गत विद्युतको उचित प्रबन्ध, डिजिटल उपकरणहरू, Internet connectivity, Multimedia कक्षाकोठा, सिकाइ प्लेटफर्म, तालिम प्राप्त जनशक्ति आदि पर्दछन् । शिक्षण सिकाइमा ICT को प्रयोगका लागि विद्यालयमा सर्वप्रथम यी पूर्वाधारको विकास हुन आवश्यक छ । विद्यालय र कक्षाकोठाको उपयुक्त भौतिक पूर्वाधारको पनि उत्तिकै जरूरत पर्दछ । कक्षाकोठाको उपयुक्त व्यवस्थापन त झन अनिवार्य सर्त जस्तै हो । विद्यार्थीमैत्री सिकाइ वातावरणको पनि महत्वपूर्ण स्थान रहन्छ । प्राविधिक सहायता पनि आवश्यक हुन्छ ।

#### वर्तमान अवस्था

गेरूवा गाउँपालिकामा सञ्चालित विद्यालयहरूमा विद्युत पुगेको, इन्टरनेट जोडिएको अवस्था छ । सङ्घीय सरकारबाट नमुना कार्यक्रम परेको माध्यमिक विद्यालयमा डिजिटल पूर्वाधारको विकास केही मात्रामा सन्तोषजनक देखिन्छ । तर अधिकांश विद्यालयमा १-२ ओटा मात्र स्मार्ट बोर्ड वा डिजिटल बोर्ड, डेस्कटप कम्प्युटर वा ल्यापटप प्रोजेक्टर उपलब्ध छन् । यी उपकरणहरू राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत, गाउँपालिका र □□□ □□□□□ को स्रोतबाट खरिद गरिएका हुन् । सीमित विद्यालयहरूमा मात्र ती डिजिटल उपकरणहरूको शिक्षण सिकाइमा

प्रयोग भएको पाइन्छ । अधिकांश विद्यालयमा भएका डिजिटल उपकरणहरू चलाउने सिप तथा दक्षताको कमी तथा प्राविधिक जनशक्तिको अभावका कारण खासै उपयोगमा नआएको अवस्थामा छन् ।

**उद्देश्य र रणनीतिहरू**

| **उद्देश्य** | **रणनीति** |
|---|---|
| शिक्षण सिकाइलाई गुणस्तरीय र सान्दर्भिक बनाउन ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्न उपयुक्त वातावरण सिर्जना गर्नु | • गाउँपालिकाका सबै विद्यालयलाई स्मार्ट विद्यालयका रूपमा विकास गर्न सबै विद्यालयमा ICT का आधारभूत संरचना तथा उपकरण (स्मार्ट बोर्ड/स्मार्ट टेलिभिजन, प्रिन्टर, प्रोजेक्टर, सिसि क्यामेरा आदि) को प्रबन्ध गर्ने<br>• एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्ने<br>• सबै विद्यालयमा विद्युत आपूर्तिको वैकल्पिक व्यवस्थाका साथै भरपर्दो र उच्च गतिको इन्टरनेटको प्रबन्ध गर्ने<br>• गाउँपालिका र सबै विद्यालयको वेवसाइट निर्माण र अद्यावधिक गर्ने<br>• सबै विद्यालयका प्रत्येक कक्षाकोठालाई बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाउने<br>• सबै विद्यालयमा विद्यालय सुधार योजनाको महत्वपूर्ण अवयवका रूपमा ICT लाई समावेश गर्ने<br>• विद्यालयमा भएका ICT उपकरणहरूको मर्मत सम्भार र सुरक्षाको उचित प्रबन्ध मिलाउने |

**अवयव २: शिक्षक क्षमता विकास र निरन्तर पेसागत सहायता**

**परिचय**

गुणस्तरीय शिक्षा मूलतः गुणस्तरीय शिक्षण सिकाइमा भर पर्छ । शिक्षण सिकाइलाई गुणस्तरीय बनाउँदै पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरु विद्यार्थीहरुमा हासिल गराउन शिक्षकहरू पेसागत रुपमा योग्य, दक्ष, क्षमतावान, पेसाप्रति इमान्दार, अभिप्रेरित र उच्च मनोबलयुक्त हुन आवश्यकता छ । शिक्षक पेसागत विकासका लागि नेपालले विगत लामो समयदेखि नीतिगत, कानुनी, संरचनागत र कार्यक्रमगत व्यवस्थाहरु गर्दै आएको अवस्था छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७) ले विद्यालयमा कार्यरत सबै शिक्षकहरूमा प्रविधिको शैक्षणिक प्रयोगसम्बन्धी क्षमता विकास गर्ने र भविष्यमा शिक्षक पेसामा प्रवेशका लागि आधारभूत ICT को सिप अनिवार्य गर्ने रणनीति लिएको छ । गेरूवा गाउँपालिकाको शिक्षा योजना (२०८१/८२-२०८५/८६) मा पनि शिक्षण सिकाइमा प्रविधिको प्रयोगमा सिप विकासका लागि शिक्षकहरूलाई तालिम प्रदान गर्ने व्यवस्था गरेको छ । शिक्षण सिकाइमा ICT को प्रयोग किन गर्ने ? यसको प्रयोगले विद्यार्थीको सिकाइमा कसरी सुधार ल्याउन सक्छ ? शिक्षण सिकाइमा यसको प्रयोगबाट के के फाइदा छन् ? यसलाई शिक्षण सिकाइमा कसरी प्रयोग गर्ने ? दैनिक शिक्षण सिकाइका क्रममा ICT को प्रयोग गर्न पाठयोजनामा कसरी समावेश गर्ने ? यसका लागि के कस्ता तयारी गर्ने ? यसको प्रयोगबाट सिकाइमा विद्यार्थीको सहभागिता कसरी बढाउने ? विद्यार्थीको सिकाइलाई कसरी अन्तर्क्रियात्मक र सहकार्यात्मक बनाई ज्ञानको निर्माणमा सहयोग गर्न सकिन्छ ? उपयुक्त

डिजिटल शैक्षिक सामग्रीहरु तथा सिकाइ प्लेटफर्महरूको पहिचान तथा छनौट कसरी गर्ने ? विद्यार्थीहरूलाई उपयुक्त डिजिटल शैक्षिक सामग्रीहरु तथा सिकाइ प्लेटफर्महरूमा जोडिन र त्यसबाट सिकाइ गर्न कसरी सहयोग गर्न सकिन्छ ? विद्यार्थीहरूलाई सुरक्षित वेवपेज मात्र खोजी गर्न आचारसंहिताको निर्माण र पालना गर्न कसरी सहयोग गर्न सकिन्छ ? अदि विषयमा शिक्षकलाई ज्ञान तथा सिपको आवश्यकता पर्छ ।

**वर्तमान अवस्था**

शिक्षण सिकाइमा ICT को प्रयोग गर्ने ज्ञान तथा सिपको विकास गर्न प्रदेश शिक्षा तालिम केन्द्रहरूले १ महिने प्रमाणीकरण तालिम (१५/१५ दिनको गरी २ चरणमा) सञ्चालन गर्दै आएका छन् । यसै गरी शिक्षा तालिम केन्द्र तथा स्थानीय तहबाट शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी ५ दिनको कस्टमाइज्ड शिक्षक तालिमसमेत सञ्चालन हुँदै आएको अवस्था छ । गेरूवा गाउँपालिकामा कार्यरत शिक्षकहरुले शिक्षण सिकाइमा प्रविधिलाई एकीकृत गर्ने वा यसको प्रयोग गर्ने सम्बन्धमा ज्यादै थोरै शिक्षकहरूले मात्र सङ्घसंस्थाहरूबाट सञ्चालित २-३ दिनको शिक्षक तालिम पाएको अवस्था छ । शिक्षण सिकाइमा ICT को प्रयोगसम्बन्धी धेरै शिक्षकहरूले शिक्षक तालिम पाएका छैनन् । शिक्षकलाई निरन्तर पेसागत सहायता उपलब्ध गराउने संयन्त्रको विकासको पनि अभाव छ ।

**उद्देश्य र रणनीतिहरू**

| **उद्देश्य** | **रणनीति** |
|---|---|
| शिक्षण सिकाइमा □□□ लाई एकीकृत गर्न शिक्षकको ज्ञान तथा सिप अभिवृद्धि गर्नु | • डिजिटल साक्षरतासम्बन्धी सबै शिक्षकको क्षमता विकास गर्ने<br>• प्रविधि पूर्वाधारको उपयोग गरी शैक्षणिक प्रक्रियालाई प्रभावकारी र समावेशी बनाउन शिक्षण सिकाइमा ICT लाई एकीकृत गर्ने तौरतरिकाका सम्बन्धमा सबै शिक्षकको क्षमता विकासका अवसर विस्तार गर्ने<br>• उपयुक्त डिजिटल सिकाइ सामग्री तथा सिकाइ पोर्टलको पहिचान तथा प्रयोगसम्बन्धी सबै शिक्षकको क्षमता विकास गर्ने<br>• डिजिटल सिकाइ सामग्री निर्माण गर्न शिक्षकको ज्ञान, सिप र दक्षताको विकास गर्ने<br>• विद्यार्थीको सिकाइलाई अन्तर्क्रियात्मक र सहकार्यात्मक बनाउने तथा स्वसिकाइलाई सुदृढ गर्ने सिप तथा दक्षताको विकास गर्ने<br>• प्रत्येक विद्यालयको कम्तिमा एक जना शिक्षकलाई ICT सम्पर्क शिक्षक तोकी डिजिटल उपकरणहरू चलाउने, सामान्य मर्मत सम्भार गर्ने, त्यसमा सामान्य समस्या आइपर्दा समाधान गर्ने, आदि सम्बन्धमा क्षमता तथा दक्षता अभिवृद्धि गर्ने |
| शिक्षण सिकाइमा ICT को प्रयोगलाई प्रभावकारी | • निश्चित समयावधिमा ICT को प्रयोग सम्बन्धमा सबै शिक्षकको ज्ञान तथा सिपलाई अद्यावधिक गर्ने |

| | |
|---|---|
| बनाउन शिक्षकलाई निरन्तर सहायता प्रदान गर्नु | • शिक्षकको कार्यको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी प्राविधिक सहायता प्रदान गर्नका लागि स्थानीय तहमा संयन्त्रको विकास गर्ने<br>• शिक्षण सिकाइमा ICT को प्रयोगलाई प्रभावकारी बनाउन प्रधानाध्यापकको शैक्षिणक नेतृत्व क्षमता अभिवृद्धि गर्ने<br>• सबै विद्यालयमा शिक्षण सिकाइमा ICT को प्रयोगलाई नतिजामुखी बनाउन आचारसंहिताको निर्माण र कार्यान्वयन गर्ने |

## अवयव ३: एकीकृत गरी शिक्षण सिकाइ

### परिचय

शिक्षण सिकाइमा ICT को प्रयोगबाट अन्तर्क्रियात्मक सिकाइ वातावरण निर्माण हुन्छ । सिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागिता र संलग्नता बढ्छ । सहकार्यात्मक सिकाइ वातावरण निर्माण हुन्छ जसबाट विद्यार्थीले व्यवहारकुशल सिपहरू सिक्छन् । एकआपसमा विचारको आदानप्रदान गर्ने वातावरण निर्माण हुँदा प्रभावकारी सञ्चार सिपको विकास हुन्छ । विद्यार्थीहरूमा डिजिटल साक्षरता सिपको विकास हुन्छ । परियोजनामा आधारित सिकाइलाई बढवा दिन्छ । सिकाइलाई रोचक र मनोरञ्जनात्मक बनाउँछ । विद्यार्थीको स्वनिर्देशित सिकाइलाई पनि मद्दत पुग्छ । सैद्धान्तिक ज्ञानलाई वास्तविकतामा जोड्न सिकाउँछ । ICT लाई शिक्षण सिकाइमा एकीकृत गर्ने विभिन्न तरिकाहरू छन् । ती तरिकाहरूको प्रभावकारी र उपयुक्त तरिकाले प्रयोग गर्न सकेको खण्डमा मात्र विद्यार्थीको सिकाइमा बढोत्तरी आउँछ, सिकाइ सान्दर्भिक हुन्छ । पाठको प्रकृति हेरी उपयुक्त शिक्षण विधि र तरिकासँगै प्रविधिलाई कसरी प्रयोग गर्ने भन्ने महत्वपूर्ण कुरा हो । तसर्थ प्रविधिलाई एकीकृत गर्न उपयुक्त पाठयोजना बनाउने, विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ विधि र तरिका छनौट गर्ने, उपयुक्त डिजिटल सिकाइ सामग्री वा सफ्टवेयर वा सिकाइ प्लेटफर्मको प्रयोग गरी सिकाइलाई अन्तर्क्रियात्मक, रोचक, मनोरञ्जनात्मक बनाउँदै विद्यार्थीको सिकाइलाई प्रभावकारी र सान्दर्भिक बनाउन आवश्यक हुन्छ ।

### वर्तमान अवस्था

गेरूवा गाउँपालिकामा शिक्षण सिकाइमा प्रविधिलाई एकीकृत गर्ने कार्य ज्यादै कम विद्यालयका शिक्षकहरूले मात्र गरेको पाइन्छ । एकीकृत गर्न शिक्षकमा क्षमता विकासको अभाव, ICT पूर्वाधारको कमी, भएका डिजिटल उपकरणको पनि मर्मत सम्भारको अभाव आदिका कारण शिक्षण सिकाइमा प्रविधिलाई एकीकृत गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउने कार्य खासै हुन नसकेको अवस्था छ। गेरूवा गाउँपालिकाको शिक्षा योजनामा शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्ने उल्लेख छ । तसर्थ विद्यालयमा ICT पूर्वाधार विकास गरी शिक्षण सिकाइमा एकीकृत गर्नेसम्बन्धी तरिकाहरूको प्रभावकारी प्रयोग गर्न आवश्यक छ ।

### उद्देश्य र रणनीति

| उद्देश्य | रणनीति |
|---|---|

| | |
|---|---|
| शिक्षण सिकाइमा ICT लाई एकीकृत गरी विद्यार्थीको सिकाइलाई प्रभावकारी र सान्दर्भिक बनाउनु | • □□□ एकीकृत शिक्षण सिकाइसम्बन्धी मापदण्ड कार्यान्वयनमा ल्याउने<br>• योजनाबद्ध तरिकाले शिक्षण सिकाइमा □□□ लाई एकीकृत गर्ने<br>• □□□ लाई एकीकृत गरी शिक्षण सिकाइलाई अन्तर्क्रियात्मक बनाउने तथा आवश्यक डिजिटल सामग्रीहरू विकास गर्ने<br>• □□□ को प्रयोग गरी शिक्षण सिकाइलाई रोचक र मनोरञ्जनात्मक बनाउने<br>• □□□ एकीकृत शिक्षण सिकाइलाई परियोजनामा आधारित बनाई अन्तर्क्रियात्मक र  सहकार्यात्मक सिकाइलाई बढवा दिने<br>• विद्यार्थीहरूलाई भिडियो, सिमुलेसन सफ्टवेयर, शैक्षिक सफ्टवेयर, अनलाइन ट्युटोरियल, क्विज, गेम, भर्चुअल प्रयोग, वेबिनार, नेटवर्किङ, सिकाइ प्लेटफर्म आदिबाट स्वसिकाइ गर्न सहायता प्रदान गर्ने<br>• □□□ को प्रयोग गरी विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने<br>• विभिन्न अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी डिजिटल सिकाइ सामग्रीहरू विकास गरी पहुँच बढाउने |
| विपद् वा आपतकालिन अवस्था वा आवश्यकता अनुसार विद्यार्थीको सिकाइलाई निरन्तरता दिनु | • भर्चुअल कक्षा सञ्चालन, WhatsApp, Messenger Facebook, ZOOM, Team, Viber etc. आदि सामाजिक सञ्जालको प्रयोगबाट विद्यार्थीहरूलाई जोडेर सिकाइ सहायता प्रदान गर्ने<br>• डिजिटल सिकाइ सामग्री तथा सिकाइ प्लेटफर्ममा विद्यार्थीको पहुँच बढाउने<br>• गाउँपालिकाको वेवसाइट सुदृढ गरी सिकाइ पोर्टलमा विद्यार्थीको पहुँच बढाउने<br>• Google Classroom जस्ता सिकाइ व्यवस्थापन प्रणाली अवलम्बन गरी विद्यार्थीलाई सिकाइ सहायता प्रदान गर्ने<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उत्पादित श्रव्यदृश्य पाठहरूमा विद्यार्थीको पहुँच बढाउने<br>• अभिभावक सचेतना अभिवृद्धि गर्ने<br>• उपयुक्त खुला स्रोतमा विद्यार्थीहरूको पहुँच अभिवृद्धि गर्ने |

**अवयव ४: साझेदारी**

**परिचय**

नेपालको सङ्घीय संरचनाअनुसार तीन तहको सरकार छ । नेपालको सङ्घीयता समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित भएकाले तीनै तहका सरकारबिच विकास कार्य तथा सेवा प्रवाहमा समन्वय, सहकार्य र साझेदारी सम्भव छ । स्थानीय तहबाट सम्पादन हुने कतिपय विकास निर्माण तथा सेवाप्रवाहका कामहरुका लागि सङ्घीय सरकारबाट समपूरक अनुदान नै पाउने कानुनी व्यवस्थासमेत छ । गेरूवा गाउँपालिकाले ICT एकीकृत शिक्षण सिकाइबाट विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउनका लागि पूर्वाधार विकास तथा क्षमता अभिवृद्धिमा गाउँपालिकाको मात्रै स्रोतबाट गाह्रो पर्न सक्छ । त्यसैले यसमा गाउँपालिकाले साझेदारीको नीति अवलम्बन गर्न सक्छ।

**वर्तमान अवस्था**

गेरूवा गाउँपालिकाले शिक्षामा सुधार ल्याउनका लागि विगतदेखि नै प्रयत्न गर्दै आएको अवस्था छ। विद्यालय पूर्वाधार विकास डिजिटल उपकरणहरूको प्रबन्ध शिक्षकको क्षमता विकास आदिका लागि गाउँपालिकाले आफ्नै स्रोत, सङ्घीय अनुदान, प्रदेश अनुदान आदिको उपयोग गर्नुको साथै विभिन्न गैरसरकारी सङ्घसंस्थासँग समन्वय र सहकार्य गर्दै आएको अवस्था छ । गेरूवा गाउँपालिकाले ICT एकीकृत शिक्षण सिकाइबाट विद्यार्थी सिकाइ उपलब्धि बढाउन सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र र गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय र साझेदारी गर्न सक्ने अवस्था छ । हालसम्म विभिन्न सङ्घसंस्थाहरूबाट केही डिजिटल उपकरण र शिक्षक तालिममा सहयोग हुँदै आएको देखिन्छ ।

**उद्देश्य र रणनीति**

| **उद्देश्य** | **रणनीति** |
|---|---|
| ICT एकीकृत शिक्षण सिकाइलाई कार्यान्वयनमा ल्याउन आवश्यकीय प्रबन्धका लागि स्रोत सुनिश्चित गर्नु | • सबै विद्यालयमा डिजिटल उपकरणहरूको व्यवस्था गर्न गाउँपालिका आफैंले आवश्यक स्रोतको प्रबन्ध मिलाउने वा सङ्घ र प्रदेश सरकारसँग साझेदारी गर्ने तथा निजी क्षेत्र वा विभिन्न सङ्घसंसस्थासँग सहकार्य र साझेदारी गर्ने<br>• ICT एकीकृत शिक्षण सिकाइका लागि शिक्षकहरूको क्षमता विकास गर्न सार्वजनिक निजी साझेदारी वा सङ्घसंस्थाहरूसँग सहकार्य एवम् साझेदारी गर्ने<br>• एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्न स्थानीय तह आफैंले शिक्षकहरूसँग साझेदारी गर्ने वा निजी क्षेत्र तथा सङ्घसंस्था र शिक्षकहरूबिचको साझेदारीलाई जोड दिने<br>• एक घर कम्तिमा एक स्मार्ट मोबाइल फोनको व्यवस्थाका लागि आवश्यकताअनुसार साझेदारी गर्ने |

| | |
|---|---|
| | • अङ्ग्रेजी विषयमा NELTA जस्ता संस्थासँग समन्वय गरी सूचना प्रविधिको प्रयोगसम्बन्धमा शिक्षकको क्षमता विकास गर्ने<br>• अर्को स्थानीय तहमा भएका असल अभ्यासको अवलोकन गर्ने व्यवस्था मिलाउने |

## अवयव ५ :विद्यालय सुशासन

### परिचय

विद्यालय एक सार्वजनिक संस्था भएकाले यसका हरेक क्रियाकलापका बारेमा सरोकारवालाहरूलाई जानकारी हुन आवश्यक छ । यसको व्यवस्थापकीय पक्षहरूमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुन आवश्यक छ । निश्चित कानुनको परिधिभित्र रहेर विद्यालय सञ्चालन हुन्छ । यसका शैक्षिक पक्षहरूलाई मजबुद बनाउन पनि सरकारवालाहरूको सहयोग आवश्यक पर्छ । त्यसैले विद्यालयको समग्र पक्षमा सुधार ल्याउन विद्यालय र समुदायबिचको सम्बन्ध पनि सुमधुर हुन आवश्यक छ । विद्यार्थीको सिकाइप्रति शिक्षकहरूलाई जवाफदेही बनाउँदै अभिभावकको सहयोग लिँदै विद्यार्थीको सिकाइमा सुधार ल्याउन सकिन्छ । यी सबै विद्यालय सुशासनका पक्षहरू हुन् । ICT को प्रभावकारी र दक्षतापूर्ण प्रयोगले विद्यालय सुशासन प्रवर्धन गर्न सहयोग मिल्छ ।

### वर्तमान अवस्था

गेरूवा गाउँपालिकामा विद्यालय सुशासन प्रवर्धनका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भएको अवस्था छ । सामाजिक परीक्षण हुने गर्छ । समय समयमा अभिभावक भेला हुने, वार्षिक उत्सव कार्यक्रम हुने, विद्यालयका गतिविधिको जानकारी स्थानीय तह र अभिभावकलाई दिने कार्यहरू भई नै रहेका छन् । EMIS लाई अद्यावधिक गर्ने कार्य भइरहेको छ । प्रविधिको प्रयोगबाट विद्यालयका शैक्षिक गतिविधिको स्थानीय तह तथा अभिभावकलाई जानकारी गराउने, व्यवस्थापकीय पक्षलाई प्रभावकारी बनाउने, गुनासो व्यवस्थापन गर्ने, विद्यार्थी ई-हाजिरी गराउने जस्ता कार्यहरूमा भने सुधार ल्याउनुपर्ने आवश्यकता देखिएको छ। तसर्थ गेरूवा गाउँपालिकामा विद्यालय सुशासन प्रवर्धनका लागि ICT को प्रयोग बढाउन आवश्यक देखिन्छ ।

### उद्देश्य र रणनीति

| उद्देश्य | रणनीति |
|---|---|

| | |
|---|---|
| शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनु | • प्रविधि प्रयोगमार्फत शैक्षिक तथ्याङ्कहरूको व्यवस्थापन रिपोर्टिङ र अनुगमन गर्ने<br>• शैक्षिक गतिविधिका बारेमा विद्यार्थी, अभिभावक र शिक्षकलाई वेवसाइट वा मोवाइल एप वा सामाजिक सञ्जाल वा इमेल आदिमार्फत सुसूचित गर्ने<br>• नतिजा प्रकाशन आदिमा प्रविधिको प्रयोग गर्ने<br>• ICT एकीकृत शिक्षण सिकाइ सम्बन्धमा शिक्षकलाई स्वमूल्याङ्कन साधन निर्माण गरी कार्यान्वयनमा ल्याउने<br>• ICT एकीकृत शिक्षण सिकाइलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकामा, वडास्तरमा र विद्यालयस्तरमा छुट्टाछुट्टै संयन्त्रको विकास गर्ने |
| विद्यालय सुशासन प्रवर्धन गर्नु | • शिक्षक र विद्यार्थीको ई-हाजिरी, गृहकार्य, परीक्षा आदिमा प्रविधिको प्रयोग गर्ने<br>• वेवसाइट निर्माण गरी अद्यावधिक राख्ने तथा सूचनायुक्त बनाउने<br>• विद्युतीय खरिद प्रणालीमार्फत खरिद तथा परामर्श सेवा लिने<br>• गुनासो व्यवस्थापनमा ICT को प्रयोग गर्ने<br>• सबै विद्यार्थीको ई-पोर्टफोलियो निर्माण र प्रयोग गर्ने<br>• विद्यालयमा सिसि क्यामेरा जडान गर्ने<br>• शिक्षक र अभिभावकबिच भर्चुअल सम्वाद गर्ने<br>• विद्यार्थीको सिकाइको प्रगतिका बारेमा अभिभावहरूलाई जानकारी गराउन ICT को प्रयोग गर्ने |

## ३.४ रणनीतिक क्रियाकलापहरू र लक्ष्य

| रणनीतिक अवयव | रणनीतिक क्रियाकलाप | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| विद्यालयमा ICT पूर्वाधार विकास | सबै विद्यालयमा भरपर्दो र उच्च गतिको इन्टरनेट सुविधा | √ | √ | √ | √ | √ |
| | माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित सबै विद्यालयमा कम्तिमा ४ ओटा कक्षाकोठामा ICT उपकरणको व्यवस्था | √ | √ | | | |
| | आधारभूत तह (कक्षा ६-८) सञ्चालित सबै विद्यालयमा कम्तिमा २ ओटा कक्षाकोठामा ICT उपकरणको व्यवस्था | √ | √ | √ | √ | |
| | आधारभूत तह (कक्षा १-५) सञ्चालित सबै विद्यालयमा कम्तिमा २ ओटा कक्षाकोठामा ICT उपकरणको व्यवस्था | | | √ | √ | √ |
| | प्रत्येक विद्यालयमा कम्तिमा १ थान प्रिन्टर, सिसि क्यामेरा र इन्भर्टरको व्यवस्था | √ | √ | √ | √ | √ |
| | एक शिक्षक एक ल्यापटप | √ | √ | √ | √ | √ |
| | सबै विद्यालयको अद्यावधिक वेवसाइट | √ | √ | √ | √ | √ |
| | सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री कक्षाकोठा | √ | √ | √ | √ | √ |
| | सबै विद्यालयमा अद्यावधिक विद्यालय सुधार योजना कार्यान्वयनमा | √ | √ | √ | √ | √ |
| | कार्यविवरणसहित ICT समन्वयकर्ता नियुक्ति<br>*नोटः*<br>*विद्यालयको कक्षाकोठामा हुनुपर्ने न्यूनतम् ICT उपकरणहरूः स्मार्टबोर्ड १ थान वा स्मार्ट टिभी १ थान वा प्रोजेक्टर १ थान, ल्यापटप १ थान र साउण्ड बक्स स्पिकर १ थान* | √ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शिक्षक क्षमता विकास र निरन्तर पेसागत सहायता | सबै शिक्षकका लागि डिजिटल साक्षरतासम्बन्धी ५ दिने तालिम सञ्चालन | √ | √ | | | |
| | सबै शिक्षकका लागि ICT एकीकृत शिक्षण सिकाइका तौरतरिकाको प्रयोग, सक्रिय सिकाइका विधि तथा तरिकाको प्रयोग र डिजिटल सिकाइ सामग्री निर्माणसम्बन्धी ५ दिने तालिम सञ्चालन | √ | √ | | | |
| | प्रत्येक माध्यमिक विद्यालयको १ जना ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) का लागि ३ दिनको तालिम सञ्चालन | √ | | | | |
| | प्रत्येक आधारभूत विद्यालयको १ जना ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) का लागि ३ दिनको तालिम सञ्चालन | | √ | | | |
| | सबै शिक्षकका लागि ३ दिने पुनर्ताजगी तालिम सञ्चालन | | | √ | √ | √ |
| | नियमित अनुगमन तथा सुपरिवेक्षण | √ | √ | √ | √ | √ |
| | सबै प्रधानाध्यापकहरूका लागि ३ दिने नेतृत्व क्षमता विकास तालिम सञ्चालन | √ | | | | |
| ICT एकीकृत शिक्षण सिकाइ | ICT एकीकृत शिक्षण सिकाइसम्बन्धी मापदण्ड कार्यान्वयन | √ | √ | √ | √ | √ |
| | सबै शिक्षकहरूबाट ICT एकीकृत वार्षिक शैक्षणिक योजना र पाठयोजना निर्माण | √ | √ | √ | √ | √ |
| | शिक्षक तथा विद्यार्थीबाट डिजिटल सिकाइ सामग्रीहरू विकास भई विद्यालयको वेवसाइटमा अपलोड | √ | √ | √ | √ | √ |
| | शिक्षक र विद्यार्थीबाट श्रव्यदृश्य पाठहरु, सामाजिक सञ्जालहरू, उपयुक्त सिकाइ प्लेफर्महरूको प्रयोग | √ | √ | √ | √ | √ |
| | परियोजनामा आधारित सिकाइमा विद्यार्थीको सहभागिता | √ | √ | √ | √ | √ |
| | सुधारात्मक शिक्षण | √ | √ | √ | √ | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विभिन्न अपाङ्गता भएका विद्यार्थीबाट उपयुक्त डिजिटल सिकाइ सामग्रीको प्रयोग | √ | √ | √ | √ | √ |
| | आवश्यकताअनुसार भर्चुअल कक्षा सञ्चालन | √ | √ | √ | √ | √ |
| | विद्यार्थीहरूबाट खुला स्रोतहरूको सदुपयोग | √ | √ | √ | √ | √ |
| | गाउँपालिकाको अद्यावधिक वेवसाइट र त्यसमा सिकाइ पोर्टलको व्यवस्था | √ | √ | √ | √ | √ |
| | सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) को अवलम्बन | √ | √ | √ | √ | √ |
| | शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उत्पादित श्रव्यदृश्य पाठहरूको प्रयोग | √ | √ | √ | √ | √ |
| | अभिभावक सचेतना कार्यक्रम सञ्चालन | √ | √ | | | |
| | प्रत्येक कक्षाकोठामा विद्यार्थीहरूको सहभागितामा आचारसंहिता निर्माण र कार्यान्वयन | √ | √ | √ | √ | √ |
| साझेदारी | गाउँपालिकाबाट विद्यालयमा ICT पूर्वाधार विकास तथा तालिम सञ्चालनका लागि वार्षिक कार्यक्रममा बजेट विनियोजन | √ | √ | √ | √ | √ |
| | विद्यालयमा ICT पूर्वाधार विकास तथा तालिम सञ्चालनका लागि सङ्घसंस्था, निजी क्षेत्र र सङ्घ तथा प्रदेश सरकारसँग साझेदारी | √ | √ | √ | √ | √ |
| विद्यालय सुशासन | विद्यालयको अद्यावधिक EMIS | √ | √ | √ | √ | √ |
| | शिक्षक, अभिभावक र विद्यार्थीबिच भर्चुअल सम्वाद गर्न सामाजिक सञ्जाल वा मोबाइल एपको प्रयोग | √ | √ | √ | √ | √ |
| | शिक्षक स्वमूल्याङ्कन साधन निर्माण र प्रयोग | √ | √ | √ | √ | √ |
| | गाउँपालिका अध्यक्षको संयोजकत्वमा निर्देशक समिति गठन | √ | | | | |
| | वडाअध्यक्षको संयोजकत्वमा कार्यान्वयन तथा अनुगमन समिति गठन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विव्यस अध्यक्षको संयोजकत्वमा कार्यान्वयन समिति गठन | √ | | | | |

## परिच्छेद ४ : वित्तीय प्रबन्ध

### ४.१ गेरूवा गाउँपालिकामा शिक्षामा लगानीका स्रोतहरू

गेरूवा गाउँपालिकामा शिक्षाको समग्र व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको लगानी हुँदै आएको छ । शिक्षक तलबभत्ता भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधारका कार्यक्रम, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा, सेनेटरी प्याड, अनौपचारिक तथा वैकल्पिक शिक्षा आदिमा सङ्घीय सरकारबाट गाउँपालिकालाई सशर्त अनुदान प्राप्त हुँदै आएको छ । यसै गरी स्थानीय तहले आवश्यकताअनुसार खर्च गर्न सक्ने गरी समानीकरण अनुदानको बजेट गाउँपालिकालाई प्राप्त हुने गरेको छ ।

गेरूवा गाउँपालिकामा ICT एकीकृत शिक्षण सिकाइका लागि माथि उल्लिखित रणनीतिक क्रियाकलापहरू सञ्चालन गर्न स्रोत व्यवस्थापन देहायबमोजिम हुने छः

(क) गेरूवा गाउँपालिकाको आफ्नै स्रोतबाट बजेट विनियोजन गरी खर्च गरिने छ ।

(ख) सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तथा समानीकरण अनुदान रकमबाट बजेट विनियोजन गरी खर्च गरिने छ ।

(ग) प्रस्तावसहित समपूरक अनुदानका लागि सङ्घ र प्रदेश सरकारसँग अनुरोध गरी उक्त रकम खर्च गरिने छ ।

(घ) निजी क्षेत्रसँग सहकार्य र लागत साझेदारी गरिने छ ।

(ङ) विभिन्न सङ्घसंस्थाहरूसँग सहकार्य र लागत साझेदारी गरिने छ ।

(च) सङ्घ र प्रदेश सरकारसँग लागत साझेदारी गरिने छ ।

(छ) एक शिक्षक एक ल्यापटप कार्यान्वयन गर्न गाउँपालिकाले विद्यालय/शिक्षकहरूसँग लागत साझेदारी गर्ने छ ।

(ज) एक घर कम्तिमा एक स्मार्ट मोबाइल फोनको व्यवस्थाका लागि अभिभावहरूलाई प्रेरित गरिने छ । अत्यन्त गरिबीका कारण सो व्यवस्था गर्न नसक्ने परिवारसँग गाउँपालिका वा विभिन्न सङ्घसंस्थाहरूले लागत साझेदारी गर्ने छन् ।

## ४.२ लागत अनुमान

| क्र स | नतिजा सूचक | ५ वर्षको जम्मा लागत | लागत अनुमान (रू.) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित सबै विद्यालयमा कम्तिमा ५ ओटा कक्षाकोठामा ICT उपकरण खरिद | ३८७५००० | २३२५००० | १५५०००० | | | |
| २ | आधारभूत तह (कक्षा ६-८) सञ्चालित सबै विद्यालयमा कम्तिमा ३ ओटा कक्षाकोठामा ICT उपकरण खरिद | ३७२०००० | ९३०००० | ९३०००० | ९३०००० | ९३०००० | |
| ३ | आधारभूत तह (कक्षा १-५) सञ्चालित सबै विद्यालयमा कम्तिमा २ ओटा कक्षाकोठामा ICT उपकरण खरिद | ४०३०००० | | | १२४०००० | १२४०००० | १५५०००० |
| ४ | प्रत्येक विद्यालयमा कम्तिमा १ थान प्रिन्टर, सिसि क्यामेरा र इन्भर्टर खरिद | ५२००००० | १०००००० | १०००००० | १०००००० | १००००० | १२००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | एक शिक्षक एक ल्यापटपको व्यवस्था | ६५१०००० | १२९५००० | १२९५००० | १२९५००० | १२९५००० | १३३०००० |
| ६ | विद्यालयको वेवसाइट अद्यावधिक | ५२०००० | १६०००० | १६०००० | २००००० | | |
| ७ | बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री कक्षाकोठा | २६००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | ६००००० |
| ८ | विद्यालय सुधार योजना अद्यावधिक | २६०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ६०००० |
| ९ | कार्यविवरणसहित ICT समन्वयकर्ता नियुक्ति | ५२०००० | ५२०००० | | | | |
| १० | सबै शिक्षकका लागि डिजिटल साक्षरतासम्बन्धी ५ दिने तालिम सञ्चालन | ७२०००० | ३६०००० | ३६०००० | | | |
| ११ | सबै शिक्षकका लागि ICT एकीकृत शिक्षण सिकाइका तौरतरिकाको प्रयोग, सक्रिय सिकाइका विधि तथा तरिकाको प्रयोग र डिजिटल सिकाइ सामग्री निर्माणसम्बन्धी ५ दिने तालिम सञ्चालन | ७२०००० | ३६०००० | ३६०००० | | | |
| १२ | प्रत्येक माध्यमिक विद्यालयको १ जना ICT सम्पर्क शिक्षक (ICT | ५०००० | ५०००० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Focal Teacher) का लागि ३ दिनको तालिम सञ्चालन | | | | | | |
| १३ | प्रत्येक आधारभूत विद्यालयको १ जना ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) का लागि ३ दिनको तालिम सञ्चालन | ५0000 | | ५0000 | | | |
| १४ | सबै शिक्षकका लागि ३ दिने पुनर्ताजगी तालिम सञ्चालन | ४८0000 | | | १६0000 | १६0000 | १६0000 |
| १५ | नियमित अनुगमन तथा सुपरिवेक्षण | ५00000 | १00000 | १00000 | १00000 | १00000 | १00000 |
| १६ | सबै प्रधानाध्यापकहरूका लागि ३ दिने नेतृत्व क्षमता विकास तालिम सञ्चालन | १00000 | १00000 | | | | |
| | **जम्मा** | २९८५५000 | ७७५0000 | ६३५५000 | ५४७५000 | ५२७५000 | ५000000 |

*नोटः विद्यालयको कक्षाकोठामा हुनुपर्ने न्यूनतम् ICT उपकरणहरूः स्मार्टबोर्ड १ थान वा स्मार्ट टिभी १ थान वा प्रोजेक्टर १ थान, ल्यापटप १ थान र साउण्ड बक्स स्पिकर १ थान ।*

### ४.३ वित्तीय स्रोत

उपर्युक्त लागतमध्ये गाउँपालिका, सङ्घीय सरकार, प्रदेश सरकार, निजी र विभिन्न सङ्घसंस्थाहरूबाट देहायबमोजिम रकम बेहोरिने छ ।

| क स | स्रोत | रकम रू. |
|---|---|---|
| १ | गाउँपालिकाको आफ्नै स्रोत (२०%) | ५९७१००० |
| २ | सङ्घ/प्रदेशबाट प्राप्त सशर्त अनुदान (२०%) | ५९७१००० |
| ३ | समपूरक अनुदान (२०%) | ५९७१००० |
| ४ | निजी क्षेत्र/विभिन्न सङ्घसंस्था (४०%) | ११९४२००० |
| | **जम्मा** | **२९८५५०००** |

## परिच्छेद ५ : कार्यान्वयन रणनीति

### ५.१ समन्वय, सहकार्य र संस्थागत प्रबन्ध

गेरूवा गाउँपालिकामा सञ्चालित सबै विद्यालयमा ICT एकीकृत शिक्षण सिकाइबाट विद्यार्थीको सिकाइमा सुधार ल्याउनका लागि रणनीतिक क्रियाकलापहरू सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय, सहकार्य र लागत साझेदारी गरिने छ । यसै गरी निजी क्षेत्र र विभिन्न सङ्घसंस्थाहरूसँग पनि समन्वय, सहकार्य र लागत साझेदारी गरिने छ । विद्यालय र समुदाय तथा अभिभावकबिचको समन्वय र सहकार्यलाई प्रभावकारी र नतिजामुखी बनाइने छ । शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक सङ्घबिच प्रभावकारी सञ्चार र समन्वय हुने छ ।

गेरूवा गाउँपालिकामा ICT एकीकृत शिक्षण सिकाइबाट विद्यार्थीको सिकाइलाई कार्यान्वयनमा ल्याउन संस्थागत क्षमता विकासमा जोड दिइने छ । यसका लागि स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरिने छ । कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन गाउँपालिका अध्यक्षको संयोजकत्वमा निर्देशक समिति, गाउँपालिकाका सामाजिक विकास संयोजकको संयोजकत्वमा अनुगमन समिति र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा कार्यान्वयन समिति गठन गरिने छ । शिक्षक क्षमता अभिवृद्धि, प्रधानाध्यापक शैक्षणिक नेतृत्व क्षमता विकास र अभिभावक सचेतना कार्यक्रमलाई जोड दिइने छ ।

ICT एकीकृत शिक्षण सिकाइबाट विद्यार्थीको सिकाइ कार्यान्वयनको आवधिक समीक्षा गरिने छ । सामाजिक सञ्जाल वा मोबाइल एपको प्रयोगबाट सरोकारवालाहरूमा कार्यान्वयन प्रगतिको जानकारी गराउने कार्य निरन्तर हुने छ । गाउँपालिकामा कार्यरत विषयगत शिक्षकहरूको सिकाइ सञ्जाल गठन गरिने छ र यसबाट शिक्षकहरूले असल अभ्यास आदानप्रदान गर्ने, समस्याहरू सञ्जालमा राख्ने र समाधान खोज्ने कार्यलाई प्रोत्साहन गरिने छ । प्रविधि एकीकृत शिक्षण सिकाइबाट विद्यार्थीको सिकाइमा सुधार ल्याउने विद्यालय र कार्यरत शिक्षकलाई

गाउँपालिकाले वर्षेनी पुरस्कार प्रदान र सम्मान गर्ने छ । गाउँपालिकाको प्रकाशनमा ICT एकीकृत शिक्षण सिकाइका राम्रा अभ्यासलाई समेटिने छ ।

## ५.२ अनुगमन र मूल्याङ्कन

गेरूवा गाउँपालिकामा सञ्चालित सबै विद्यालयहरूमा ICT एकीकृत शिक्षण सिकाइको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिने छ । गाउँपालिकाका सामाजिक विकास संयोजकको संयोजकत्वमा गठन हुने अनुगमन समितिले डिजिटल उपकरणहरूको अवस्था, प्रयोगको अवस्था, मर्मतसम्भारको अवस्था, सुरक्षाको अवस्था, विद्यार्थीको सिकाइमा पारेको प्रभाव वा असर, विद्यार्थीको सिकाइमा आएको सुधार, शिक्षक/विद्यार्थीको उत्प्रेरणा, कार्यान्वयन समितिको सक्रियता आदिको प्रभावकारी अनुगमन गरी असल अभ्यासलाई प्रोत्साहित गर्ने र सुधार गर्नुपर्ने पक्षहरूमा तत्काल सुधारका लागि सुझाव तथा सल्लाह दिने कार्यलाई प्रभावकारी बनाइने छ । उक्त अनुगमन समितिको प्रतिवेदनमा उल्लिखित सुझावहरूको गाउँपालिकाले प्रभावकारी कार्यान्वयनमा जोड दिने छ ।

शिक्षकहरूलाई आफ्नो कार्यसम्पादनमा सुधार ल्याउनका लागि स्वमूल्याङ्कनमा प्रेरित गरिने छ । यसका लागि शिक्षक स्वमूल्याङ्कन फारामलाई सबै शिक्षकले कार्यान्वयनमा ल्याउने छन् । गाउँपालिकाबाट ICT एकीकृत शिक्षण सिकाइका लागि आधार सर्वेक्षण (Baseline Survey) गर्ने छ । आवधिक रूपमा प्रविधि एकीकृत शिक्षण सिकाइको मूल्याङ्कन तथा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण गर्ने व्यवस्था मिलाउने छ ।

## ५.३ जोखिम र यसको न्यूनीकरणका उपायहरू

| क स | जोखिम | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|
| १ | सबै विद्यालयका लागि ICT उपकरणहरु खरिद गर्न बजेटको अभाव हुन सक्छ । | सङ्घ र प्रदेश सरकारसँग लागत साझेदारी हुन नसकेमा निजी क्षेत्र वा विभिन्न सङ्घसंस्थाहरूसँग सहकार्य र लागत साझेदारी बढाउन सकिन्छ । कक्षाकोठामा स्मार्ट बोर्डको सट्टा स्मार्ट टिभी खरिद गर्न सकिन्छ । |
| २ | प्रत्येक घरमा कम्तिमा एउटा स्मार्ट मोबाइल फोनको व्यवस्था नहुन सक्छ । | अत्यन्तै विपन्नताका कारण स्मार्ट मोबाइल फोन किन्न नसक्ने भएमा स्थानीय तह वा सङ्घसंस्थाले लागत साझेदारी गरी व्यवस्था गर्न सकिन्छ । |
| ३ | एक शिक्षक एक ल्यापटपको व्यवस्थाका लागि बजेटको अभाव हुन सक्छ । | सुरू सुरूमा एक विद्यालय कम्तिमा एक ल्यापटपको व्यवस्था गरी काम चलाउँदै अघि बढ्ने र क्रमशः लागत साझेदारीमा एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्दै जान सकिन्छ । |
| ४ | शिक्षक तालिमका लागि बजेटको अभाव हुन सक्छ । | डिजिटल साक्षरता र पुनर्ताजगी तालिम अनलाइनबाट पनि गर्न सकिन्छ । यसो गर्दा बजेट ज्यादै कम लाग्छ । |

| | | |
|---|---|---|
| ५ | विद्यार्थीको अनुपातमा शिक्षक र □□□□□ □□□□□□□□□□ को अभाव हुन सक्छ । | प्रदेश सरकार निजी क्षेत्र सार्वजनिक संस्थान गैरसरकारी क्षेत्रसँगको लगानी साझेदारीलाई बढाउन सकिन्छ । |
| ६ | ICT संयोजक नियुक्त गर्न गाउँपालिकामा बजेटको अभाव हुन सक्छ । | सुरू सरूमा विद्यालयका ICT सम्पर्क शिक्षकबाट नै काम चलाउँदै जाने र गाउँपालिकाको आफ्नै स्रोत वा सङ्घसंस्थासँगको लागत साझेदारीमा संयोजक नियुक्ति गर्न सकिन्छ । |

## ५.४ वार्षिक रणनीतिक कार्यान्वयन योजना र बजेट

गेरूवा गाउँपालिकामा ICT एकीकृत शिक्षण सिकाइ सञ्चालन गर्ने यस रणनीतिक योजनामा उल्लिखित क्रियाकलापहरू कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका लागि स्थानीय तहले प्रत्येक वर्ष वार्षिक रणनीतिक कार्यान्वयन योजना र बजेटको व्यवस्था गर्ने छ । गाउँपालिकाको आफ्नै स्रोतको बजेट, सङ्घ र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको बजेट, समानीकरण अनुदानको बजेट, सङ्घ तथा प्रदेश सरकारसँग लागत साझेदारी हुने बजेट, निजी क्षेत्र वा सङ्घसंस्थाहरूबाट लागत साझेदारी वा प्राप्त सहयोग बजेट आदिका आधारमा गाउँपालिकाले वार्षिक रणनीतिक कार्यान्वयन योजना र बजेट (ASIP/AWPB) निर्माण गरी कार्यान्वयनमा ल्याउने छ ।

# परिच्छेद ६ : सरोकारवालाहरूको भूमिका

### शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका

- विद्यादय शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धि गर्न सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइ कार्यान्वयनका लागि आवश्यक प्रारूप मापदण्ड, कार्यविधि र निर्देशिका विकास गर्ने
- स्मार्ट विद्यादयको अवधारणा कार्यान्वयनमा ल्याउन पूर्वाधार विकासका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने
- सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइ कार्यान्वयनका लागि शिक्षक क्षमता विकास गर्न तालिम सामग्री विकास गर्ने साथै प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने

### शिक्षा तालिम केन्द्रको भूमिका

- विद्यालयमा कार्यरत शिक्षकहरूको क्षमता विकासका लागि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम सञ्चालन गर्ने
- स्थानीय तहमा शिक्षक तालिम सञ्चालन गर्न प्रशिक्षक तयार गर्ने
- तालिम लिएका शिक्षकहरूलाई फलोअप सहायता प्रदान गर्ने
- शिक्षक पेसागत सहायताका लागि भर्चुअल माध्यमबाट समेत फलोअप सहयोग तथा अनुगमन गर्ने

- स्थानीय तहमा शिक्षकहरूको विषयगत सिकाइ सञ्जाललाई भर्चुअल माध्यमबाट पेसागत सहायता उपलब्ध गराउने

**गाउँपालिकाको भूमिका**

- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने
- स्थानीय तहको शिक्षा योजनामा सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइ कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिने
- सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइका लागि शिक्षकको क्षमता विकास गर्न तालिम तथा पेसागत विकासका कार्यक्रम सघन रूपमा सञ्चालन गर्ने
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइबाट शिक्षामा सुधार गर्न पूर्वाधार विकास तथा शिक्षक क्षमता विकासका लागि प्रदेश सरकार, निजी क्षेत्र र विभिन्न गैररसकारी सङ्घसंस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्ने
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यालय सुशासन प्रवर्धन गर्न विद्यालयलाई प्रोत्साहित गर्ने
- सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने
- विद्यालयहरूको शैक्षिक/शैक्षणिक गतिविधिहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने
- विद्यालयहरूलाई स्मार्ट विद्यालय बनाउन प्रदेश सरकार निजी क्षेत्र, सार्वजनिक संस्थान र गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्ने
- पाठ्यक्रममा आधारित भई विभिन्न डिजिटल सिकाइ सामग्रीहरू विकास गरी गाउँपालिकाको वेवसाइटमा राखी शिक्षक र विद्यार्थीको पहुँच सुनिश्चित गर्ने

**विद्यालयको भूमिका**

- विद्यालय सुधार योजनामा स्मार्ट विद्यालयको अवधारणालाई कार्यान्वयन गर्ने विषयलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकासका लागि स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी गर्ने
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकासका लागि स्थानीय तहमार्फत निजी क्षेत्र, सार्वजनिक संस्थान र गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्ने
- सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइका लागि शिक्षकहरूको क्षमता विकास गर्न तालिम तथा पेसागत विकास कार्यक्रममा शिक्षकहरूलाई सहभागी गराउने
- सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग सम्बन्धमा विद्यालयमा शिक्षक तथा विद्यार्थी आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने गराउने
- सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोगबाट विद्यादय सुशासन प्रवर्धन गर्ने

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट शिक्षक र विद्यार्थी तथा शिक्षक अभिभावकबिच सञ्जाल गठन गर्ने
- विद्यालयको वेवसाइट विकास तथा अद्यावधिक गरी उपयोगमा ल्याउने
- विभिन्न डिजिटल शैक्षिक सामग्रीहरू विकास गरी विद्यालयको वेवसाइटमा राख्ने
- सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइका सम्बन्धमा विद्लयालय स्वमूल्याङ्कन गरी सुधारका लागि आवश्यकताअनुसार थप कार्य गर्ने

**शिक्षकको भूमिका**

- सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइका लागि वार्षिक एकाइ र दैनिक पाठयोजना बनाउने
- पाठयोजनाअनुसार सिकाइ सहजीकरणमा आवश्यक पर्ने पावरप्वाइन्ट स्लाइडस् श्रव्य तथा श्रव्यदृश्य सामग्री तयार तथा सङ्कलन गर्ने
- विद्यालयको वेवसाइटमा राखिएका सिकाइ सामग्रीहरूको उपयोग गर्ने
- कक्षाकोठालाई बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाउन ध्यान पुर्याउने
- डिजिटल साक्षरता तथा ▯▯▯ एकीकृत शिक्षण सिकाइसम्बन्धी तालिममा सहभागी हुने
- शिक्षण सिकाइका लागि उपयोगी डिजिटल सिकाइ सामग्री विकास गर्ने तथा प्रयोगमा ल्याउने
- सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबाट विकास गरिएका पाठ्यक्रमअनुसारका श्रव्य तथा श्रव्यदृश्य पाठहरूको प्रयोग गर्ने
- उपयुक्त सिकाइ प्लेफर्महरूको प्रयोग गर्ने
- परियोजनामा आधारित सिकाइमा विद्यार्थीको सहभागिता बढाउने
- आवश्यकताअनुसार सुधारात्मक शिक्षण गर्ने
- विभिन्न अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त डिजिटल सिकाइ सामग्रीमा पहुँचका लागि सहयोग गर्ने
- आवश्यकताअनुसार भर्चुअल कक्षा सञ्चालन गर्ने
- सिकाइ व्यवस्थापन प्रणाली (▯▯▯▯▯▯▯▯ ▯▯▯▯▯▯▯▯▯▯ ▯▯▯▯▯▯) को उपयोग गर्ने
- सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइ सम्बन्धमा अभिभावक सचेत अभिवृद्धि गर्ने
- अभिभावक र विद्यार्थीसँग भर्चुअल सम्वाद गर्न सामाजिक सञ्जालको प्रयोग गर्ने

## अनुसूची १

## केही उपयोगी वेवसाइटहरू

www.cehrd.gov.np
www.moecdc.gov.np
www.ero.gov.np
www.tsc.gov.np
www.moest.gov.np
https://www.britishcouncil.org/
Your digital footprint: Leaving a mark (InCtrl): https://www.youtube.com/watch?v=l2EJ2oelEOc
Digital citizenship and safety (UNICEF): https://www.youtube.com/watch?v=NOIOFRhDnxg
Self-exposure (UNICEF): https://www.youtube.com/watch?v=vcUuR8HbKl4
Cyber-bullying (UNICEF): https://www.youtube.com/watch?v=asTti6y39xI
https://www.youtube.com/watch?v=oU1X3QpX-90
Digital literacy: why is it important? (University of Derby)
https://www.youtube.com/watch?v=p2k3C-iB88w
What is digital literacy (BBC/Open University):
https://www.youtube.com/watch?v=_LElWqXi7Ag
https://www.youtube.com/watch?v=oU1X3QpX-90
Digital literacy: why is it important? (University of Derby)
Evernote: https://evernote.com/
One Note: https://www.onenote.com
Google Keep: https://keep.google.com/
A Beginners' Guide to OneNote: https://youtu.be/JEJZbjcMkeU
How to use Evernote: https://youtu.be/6z4plcBQsow
How to use Google Keep: https://youtu.be/MKXC6nFA7z8
Digital Footprint Explained https://youtu.be/MOks7UONCT4
Cyberbullying Facts https://youtu.be/0Xo8N9qlJtk
safety for Teachers Part 1- https://peacheypublications.com/e-safety-for-teachers-part-
www.humanbiodigital.com
www.padlet.com
www.wheelofnames.com
www.googleclassroom.com
www.screencastify.com
https://www.youtube.com/channel/UCu4369dWEQOLdMVo8xzBXzA
https://phet.colorado.edu/en/simulation/legacy/gravity-force-lab?fbclid=IwAR11yjBbUD8AWQqYgVuJvroYa-GTPLW
Virtual lab for physics
Collabrify Writer
https://fs11.formsite.com/bld/FormSite?FormId=LoadConfigure

# अनुसूची २
## विद्यालय स्वमूल्याङ्कन फाराम

| क स | आधार | छ | छैन |
|---|---|---|---|
| १ | कक्षाकोठामा भरपर्दो र उच्च गतिको इन्टरनेट सुविधा छ । | | |
| २ | कक्षाकोठामा स्मार्टबोर्ड वा स्मार्ट टिभी वा प्रोजेक्टर, ल्यापटप र साउण्ड बक्स स्पिकर छन् । | | |
| ३ | एक शिक्षक एक ल्यापटपको व्यवस्था कार्यान्यवन भएको छ । | | |
| ४ | विद्यालयको वेवसाइटमा राखिएका सिकाइ सामग्रीहरूको उपयोग भएको छ । | | |
| ५ | कक्षाकोठा बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री छ । | | |
| ६ | अद्यावधिक विद्यालय सुधार योजना कार्यान्वयनमा छ । | | |
| ७ | कार्यविवरणसहित ICT समन्वयकर्ताको नियुक्ति भएको छ । | | |
| ८ | सबै शिक्षकले डिजिटल साक्षरतासम्बन्धी ५ दिने तालिम पाएका छन् । | | |
| ९ | सबै शिक्षकले ICT एकीकृत शिक्षण सिकाइसम्बन्धी ५ दिने तालिम पाएका छन् । | | |
| १० | माध्यमिक तहको १ जना ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) ले ३ दिनको तालिम पाएका छन् । | | |
| ११ | आधारभूत तहको १ जना ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) ले ३ दिनको तालिम पाएका छन् । | | |
| १२ | सबै शिक्षकले ३ दिने पुनर्ताजगी तालिम पाएका छन् । | | |
| १३ | विद्यालयको नियमित अनुगमन तथा सुपरिवेक्षण हुने गरेको छ । | | |
| १४ | प्रधानाध्यापकले ३ दिने नेतृत्व क्षमता विकास तालिम पाएका छन् । | | |
| १५ | ICT एकीकृत शिक्षण सिकाइसम्बन्धी मापदण्ड कार्यान्वयन भएको छ । | | |
| १६ | सबै शिक्षकहरूबाट ICT एकीकृत वार्षिक शैक्षणिक योजना र पाठयोजना निर्माण भएको छ । | | |
| १७ | शिक्षक तथा विद्यार्थीबाट डिजिटल सिकाइ सामग्रीहरू विकास भई विद्यालयको वेवसाइटमा अपलोड हुने गरेको छ । | | |
| १८ | शिक्षक र विद्यार्थीबाट श्रव्यदृश्य पाठहरुको प्रयोग हुने गरेको छ । | | |
| १९ | शिक्षक र विद्यार्थीबाट सामाजिक सञ्जालहरू र उपयुक्त सिकाइ प्लेफर्महरूको प्रयोग हुने गरेको छ । | | |

| | | | |
|---|---|---|---|
| २० | परियोजनामा आधारित सिकाइमा विद्यार्थीको सहभागिता बढेको छ । | | |
| २१ | शिक्षकहरूबाट आवश्यकताअनुसार सुधारात्मक शिक्षण हुने गरेको छ । | | |
| २२ | विभिन्न अपाङ्गता भएका विद्यार्थीबाट उपयुक्त डिजिटल सिकाइ सामग्रीको प्रयोग भएको छ । | | |
| २३ | शिक्षकहरूबाट आवश्यकताअनुसार भर्चुअल कक्षा सञ्चालन हुने गरेको छ । | | |
| २४ | विद्यार्थीहरूले खुला स्रोतहरूको सदुपयोग गरी सिक्ने गरेका छन् । | | |
| २५ | गाउँपालिकाको वेवसाइटमा भएको सिकाइ पोर्टलको सिकाइमा उपयोग हुने गरेको छ । | | |
| २६ | सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) को उपयोग हुने गरेको छ । | | |
| २७ | सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन भएको छ । | | |
| २८ | प्रत्येक कक्षाकोठामा विद्यार्थीहरूको सहभागितामा आचारसंहिता निर्माण र कार्यान्वयन भएको छ । | | |
| २९ | विद्यालयको EMIS अद्यावधिक भएको छ । | | |
| ३० | शिक्षक, अभिभावक र विद्यार्थीबिच भर्चुअल सम्वाद गर्न सामाजिक सञ्जालको प्रयोग भएको छ । | | |
| ३१ | शिक्षक स्वमूल्याङ्कन साधन निर्माण र प्रयोग हुने गरेको छ । | | |
| ३२ | गाउँपालिका अध्यक्षको संयोजकत्वमा निर्देशक समिति गठन भएको छ । | | |
| ३३ | सामाजिक विकास संयोजकको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भएको छ । | | |
| ३४ | वडाअध्यक्षको संयोजकत्वमा कार्यान्वयन तथा अनुगमन समिति गठन भएको छ । | | |
| ३५ | विव्यस अध्यक्षको संयोजकत्वमा कार्यान्वयन समिति गठन भएको छ । | | |

# अनुसूची ३
## शिक्षक स्वमूल्याङ्कन फाराम

| क स | आधार | छ | छैन |
|---|---|---|---|
| १ | कक्षाकोठामा भरपर्दो र उच्च गतिको इन्टरनेट सुविधा छ । | | |
| २ | कक्षाकोठामा भएको स्मार्टबोर्ड वा स्मार्ट टिभी वा प्रोजेक्टर, ल्यापटप र साउण्ड बक्स स्पिकर आदिलाई शिक्षण सिकाइमा उपयोगमा ल्याएको छु । | | |
| ३ | ICT एकीकृत शिक्षण सिकाइका लागि आफ्नो ल्याउटपमा पाठयोजना बनाउने गरेको छु । | | |
| ४ | म आफैं पाठको तयारीका क्रममा पावरपोइन्ट प्रस्तुति तयार गर्छु । | | |
| ५ | विद्यालयको वेवसाइटमा राखिएका सिकाइ सामग्रीहरूको उपयोग गर्ने गरेको छु । | | |
| ६ | मैले कक्षाकोठा बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाउन ध्यान पुर्याएको छु । | | |
| ७ | गाउँपालिकाबाट नियुक्त ICT समन्वयकर्ताबाट प्राविधिक सहायता पाएको छु । | | |
| ८ | मैले डिजिटल साक्षरतासम्बन्धी ५ दिने तालिम पाएको छु । | | |
| ९ | मैले ICT एकीकृत शिक्षण सिकाइसम्बन्धी ५ दिने तालिम लिएको छु । | | |
| १० | ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) बाट पनि आवश्यकताअनुसार प्राविधिक सहायता पाएको छु । | | |
| ११ | मैले ३ दिने पुनर्ताजगी तालिम पाएको छु । | | |
| १२ | मेरो कामको नियमित अनुगमन तथा सुपरिवेक्षण हुने गरेको छ । | | |
| १३ | मैले डिजिटल सिकाइ सामग्रीहरू विकास गरी विद्यालयको वेवसाइटमा अपलोड हुने गरेको छु । | | |
| १४ | म र विद्यार्थीबाट श्रव्यदृश्य पाठहरुको प्रयोग हुने गरेको छ । | | |
| १५ | म र विद्यार्थीबाट सामाजिक सञ्जालहरू र उपयुक्त सिकाइ प्लेफर्महरूको प्रयोग हुने गरेको छ । | | |
| १६ | परियोजनामा आधारित सिकाइमा विद्यार्थीको सहभागिता बढेको छ । | | |
| १७ | मैले आवश्यकताअनुसार सुधारात्मक शिक्षण गर्ने गरेको छु । | | |
| १८ | विभिन्न अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त डिजिटल सिकाइ सामग्रीमा पहुँचका लागि सहयोग गरेको छु । | | |
| १९ | मैले आवश्यकताअनुसार भर्चुअल कक्षा सञ्चालन गर्ने गरेको छु । | | |
| २० | विद्यार्थीहरूले खुला स्रोतहरूको सदुपयोग गरी सिक्ने गरेका छन् । | | |

| | | | |
|---|---|---|---|
| २१ | गाउँपालिकाको वेवसाइटमा भएको सिकाइ पोर्टलको सिकाइमा उपयोग गर्ने गरेको छु । | | |
| २२ | सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) को उपयोग गर्ने गरेको छु । | | |
| २३ | सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइ सम्बन्धमा अभिभावक सचेत छन् । | | |
| २४ | प्रत्येक कक्षाकोठामा विद्यार्थीहरूको सहभागितामा आचारसंहिता निर्माण र कार्यान्वयन भएको छ । | | |
| २५ | अभिभावक र विद्यार्थीसँग भर्चुअल सम्वाद गर्न सामाजिक सञ्जालको प्रयोग गरेको छु । | | |

# अनुसूची ४

## सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी मापदण्ड

| क स | मापदण्ड |
|---|---|
| १ | कक्षाकोठामा भरपर्दो र उच्च गतिको इन्टरनेट सुविधा भएको |
| २ | कक्षाकोठामा स्मार्टबोर्ड वा स्मार्ट टिभी वा प्रोजेक्टरमध्ये एउटा, ल्यापटप र साउण्ड बक्स स्पिकर भएको र शिक्षण सिकाइमा उपयोगमा आएको अवस्था |
| ३ | सबै शिक्षकसँग एक/एक ओटा ल्यापटप भएको र सोको शिक्षण सिकाइमा उपयोग भएको अवस्था |
| ४ | विद्यालयको वेवसाइटमा राखिएका सिकाइ सामग्रीहरूको उपयोग भएको |
| ५ | बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन भएको |
| ६ | अद्यावधिक विद्यालय सुधार योजनाको कार्यान्वयन भएको |
| ७ | कार्यविवरणसहित ICT समन्वयकर्ताको नियुक्ति भएको |
| ८ | सबै शिक्षकले डिजिटल साक्षरतासम्बन्धी ५ दिने तालिम पाएका |
| ९ | सबै शिक्षकले ICT एकीकृत शिक्षण सिकाइसम्बन्धी ५ दिने तालिम पाएका |
| १० | माध्यमिक तहको १ जना ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) ले ३ दिनको तालिम पाएको |
| ११ | आधारभूत तहको १ जना ICT सम्पर्क शिक्षक (ICT Focal Teacher) ले ३ दिनको तालिम पाएको |
| १२ | सबै शिक्षकले ३ दिने पुनर्ताजगी तालिम पाएका |
| १३ | विद्यालयको नियमित अनुगमन तथा सुपरिवेक्षण व्यवस्था कार्यान्वयन |
| १४ | प्रधानाध्यापकले ३ दिने नेतृत्व क्षमता विकास तालिम पाएको |
| १५ | ICT एकीकृत शिक्षण सिकाइसम्बन्धी मापदण्ड कार्यान्वयन भएको |
| १६ | सबै शिक्षकहरूले ICT एकीकृत वार्षिक शैक्षणिक योजना र पाठयोजना निर्माण र कार्यान्वयन |
| १७ | शिक्षक तथा विद्यार्थीबाट डिजिटल सिकाइ सामग्रीहरू विकास भई विद्यालयको वेवसाइटमा अपलोड हुने गरेको र आवश्यकताअनुसार उपयोगमा ल्याइएको अवस्था |

| | |
|---|---|
| १८ | शिक्षक र विद्यार्थीबाट श्रव्यदृश्य पाठहरुको प्रयोग हुने गरेको |
| १९ | शिक्षक र विद्यार्थीबाट सामाजिक सञ्जालहरू र उपयुक्त सिकाइ प्लेफर्महरूको प्रयोग हुने गरेको |
| २० | परियोजनामा आधारित सिकाइमा विद्यार्थीको सहभागिता भएको |
| २१ | शिक्षकहरूले आवश्यकताअनुसार सुधारात्मक शिक्षण गरी विद्यार्थीको सिकाइ सुधारमा सहयोग पुगेको अवस्था |
| २२ | विभिन्न अपाङ्गता भएका विद्यार्थीबाट उपयुक्त डिजिटल सिकाइ सामग्रीको प्रयोग हुने गरेको |
| २३ | शिक्षकहरूले आवश्यकताअनुसार भर्चुअल कक्षा सञ्चालन गर्ने गरेका |
| २४ | विद्यार्थीहरूले सुरक्षित खुला स्रोतहरूको सदुपयोग गरी सिक्ने गरेका |
| २५ | गाउँपालिकाको वेवसाइटमा भएको सिकाइ पोर्टलको सिकाइमा उपयोग हुने गरेको |
| २६ | सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) को उपयोग हुने गरेको |
| २७ | सूचना तथा सञ्चार प्रविधि एकीकृत शिक्षण सिकाइसम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन भएको |
| २८ | प्रत्येक कक्षाकोठामा विद्यार्थीहरूको सहभागितामा आचारसंहिता निर्माण र कार्यान्वयन भएको |
| २९ | विद्यालयको EMIS अद्यावधिक भएको |
| ३० | शिक्षक, अभिभावक र विद्यार्थीबिच भर्चुअल सम्वाद गर्न सामाजिक सञ्जालको प्रयोग भएको |
| ३१ | शिक्षक स्वमूल्याङ्कन साधन निर्माण र प्रयोग हुने गरेको |
| ३२ | गाउँपालिका अध्यक्षको संयोजकत्वमा निर्देशक समिति गठन भएको |
| ३३ | सामाजिक विकास संयोजकको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भएको |
| ३४ | वडाअध्यक्षको संयोजकत्वमा कार्यान्वयन तथा अनुगमन समिति गठन भएको |
| ३५ | विव्यस अध्यक्षको संयोजकत्वमा कार्यान्वयन समिति गठन भएको |

**आज्ञाले**

**नर बहादुर चन्द**

**प्रमुख प्रशासकीय अधिकृत**